# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १ गुलरिया, असार २४ गते,२०७७ साल

## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७७/०३/२४ मा जारि गरेको कार्यविधि/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०७५ सालको कार्यविधि न. २२

**आर.टि-पि.सि.आर.(RT-PCR) प्रयोगशाला (निर्माण, व्यवस्थापन तथा संचालन) कार्यविधी,२०७७**

**आज्ञाले**

**कृष्ण प्रसाद गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रस्तावनाः**

विश्वव्यापी रुपमा देखा परेको कोरोना भाइरस ( Covid 19) को संक्रमण पहिचान, नियन्त्रण र रोकथामका लागि हाल उपलब्ध प्रयोगशाला परीक्षण विधिहरु अपर्याप्त भई वर्दिया जिल्लामा यसको शिघ्र पहिचान र नियन्त्रणको लागि RT-PCR प्रयोगशाला निर्माण गरी संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ठ) को उपखण्ड (४) , खण्ड (न) को उपखण्ड (६),(१०),(१२) तथा ऐजन ऐनको दफा २६ को खण्ड (क), (ख), (ढ) समेतको व्यवस्था कार्यान्वयनका लागि मिति २०७७/०३/१२ गते बैठकको निर्णय तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गुलरीया नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधीको नाम **आर.टि. पि.सि.आर. प्रयोगशाला (निर्माण, व्यवस्थापन तथा संचालन) कार्यविधी,२०७७** हुनेछ ।

ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा -

कं) **"अध्यक्ष"** भन्नाले दफा ८(२) वमोजिम गठित समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख)) **"आर.टि-पि.सि.आर."** भन्नाले व्यक्तिमा कोरोना भाइरस संक्रमण भए नभएको पुष्टी गर्नको लागि तोकिएको मापदण्ड अनुसार गरिने Real Time Polymerase Chain Reaction परीक्षण प्रविधि सम्झनु पर्छ ।

ग) **"कोष"** भन्नाले दफा ४ वमोजिमको कोष सम्झनु पर्छ ।

घ) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश नं. ५ को सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

ङ)**"प्रयोगशाला"** भन्नाले दफा १२ मा व्यवस्था भए वमोजिमको प्रयोगशालालाई जनाउनेछ ।

च) **"व्यवस्थापन समिति"** भन्नाले दफा ८ (२) वमोजिम गठित समिति सम्झनु पर्दछ ।

ज) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान वमोजिम नगरपालिका वा गाउँपालिका सम्झनु पर्दछ ।

झ) **"संघीय मन्त्रालय"** भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ ।

ञ)**"संक्रमित"** भन्नाले पिसिआर परीक्षणबाट COVID 19 पोजेटिभ देखिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ट) **"सल्लाहकार समूह"** भन्नाले दफा १० वमोजिम गठित समितिको समूहलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

**३. सिद्धान्त/उदेश्यः** यसको संचालन र व्यवस्थापन गुलरीया नगरपालिकाको कार्यगत नेतृत्व र जिल्ला समन्वय समितिको समन्वयात्मक भूमिकामा जिल्ला स्थित सबै स्थानीय तहको सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा हुनेछ ।

४. **कोषको स्थापनाः** (१) बर्दिया लगायत अन्य जिल्लाका कोरोनाको लक्षण चिन्ह देखिएका संकास्पद व्यक्तिको पि.सि.आर. परीक्षण, प्रयोगशाला निर्माण, व्यवस्थापन तथा संचालन गर्न एक कोष रहनेछ ।

(२) उपदफा (१) वमोजिम स्थापित कोषमा देहाय वमोजिमका रकम रहनेछन ।

क) नेपाल सरकारबाट प्राप्त रकम ।

ख) प्रदेश सरकारवाट प्राप्त रकम ।

ग) स्थानीय तहवाट प्राप्त रकम ।

घ) जिल्ला विपद् व्यवस्थापन कोषवाट प्राप्त हुने रकम ।

ङ) कुनै स्वदेशी संघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार वापत प्राप्त रकम ।

च) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त रकम ।

छ) सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनैतिक दल, ट्रेड युनियन, नागरिक समाज वा सर्वसाधरणले स्वेच्छाले प्रदान गरेको रकम,

ज) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) को खण्ड (च) वमोजिमको रकम प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

३.१) संक्रमितको संख्यामा वृद्धि, अनुसन्धानको दायरा विस्तृतीकरणको आवश्यकता तथा औचित्यताको आधारमा स्थानीय तहले एकमुष्ठ वा पटक पटक गरी दामासाही हिसावले रकम उपलव्ध गराउनु पर्नेछ ।

५. **कोष प्रयोगः** कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :

क) पि.सि.आर. प्रयोगशाला स्थापना र संचालनमा लाग्ने खर्चहरुको व्यवस्थापन गर्न ।

ख) प्रयोगशालामा आवश्यक औषधि, उपकरण लगायत स्वास्थ्य सामग्री खरीद गर्न ।

ग) कोरोना पोजेटिभ लक्षण वा चिन्ह देखिएका व्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्था गर्न ।

घ) प्रयोगशालामा कार्यरत कुनै सरकारी वा गैर सरकारी प्राविधिक र अप्राविधिक कर्मचारीलाई पारिश्रमिक, तलब, जोखिम भत्ता वा सुविधा उपलब्ध गराउन ।

ङ) दफा ८ (२) वमोजिम गठित समितिको प्रशासनिक खर्च ।

च) दफा ८ (२) वमोजिमको समितिले निर्धारण गरे अनुसारको अन्य कार्य गर्न ।

६. **कोषको रकम प्रयोग हुन नसक्नेः** दफा ४ मा जुनसुकै व्यवस्था उल्लेख भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः

क) दफा ४ वमोजिमको कोषको रकम राहत वितरण गर्ने प्रयोजनको लागि खर्च गरिने छैन ।

ख)कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान तथा आर्थिक सहायता प्रदान गर्न ।

ग) दफा ८ (२) वमोजिम गठित समितिलाई वैठक भत्ता प्रयोजन ।

घ) प्रयोगशालासँग सम्बन्ध नभएको अन्य कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन ।

७. **कोषको व्यवस्थापन तथा संचालनः**(१) कोषमा प्राप्त हुने रकम वर्दिया जिल्लाको गुलरीया नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक गुलरीया शाखामा रहेको प्रकोप व्यवस्थापन कोष खाता (ग.७.२) मा जम्मा गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको खाता दफा ८ (२) वमोजिम गठित समितिको सदस्य-सचिव र गुलरीया नगरपालिकाको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

(३) दफा ८ (२) वमोजिमको समितिको निर्णय वमोजिम मात्र कोषको रकम खर्च गर्नुपर्नेछ ।

## परिच्छेद-३

८. **प्रयोगशाला निर्माण, संचालन तथा व्यवस्थापन समितिः** (१) आर.टि-पि.सि.आर. परीक्षणको संख्या र दायरा बृद्धि गरी सबैलाई कोरोना महामारीको त्रास र भयबाट मुक्त गर्न बर्दिया जिल्ला अन्तर्गत दफा १२ वमोजिमको प्रयोगशाला संचालन तथा व्यवस्थापन गर्न एक समिति हुनेछ ।

(२)प्रयोगशाला संचालन तथा व्यवस्थापन समितिमा तपशिल वमोजिमका पदाधिकारीहरु रहनेछन ।

| | |
|---|---|
| क) जिल्ला समन्वय प्रमुख | अध्यक्ष |
| ख) स्थानीय तह प्रमुख सवै, वर्दिया | सदस्य |
| ग) प्रमुख जिल्ला अधिकारी | सदस्य |
| घ) अस्पताल संचालक समितिको अध्यक्ष | सदस्य |
| ङ) उद्योग वाणिज्य संघको अध्यक्ष (वर्दिया) | सदस्य |
| ङ) स्वास्थ्य कार्यालय प्रमुख (वर्दिया) | सदस्य |
| च) प्रमुख प्रशासकीय अधिकृत (गुलरीया नगरपालिका ) | सदस्य-सचिव |

(३) समितिको वैठकमा प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको वैठक संचालन तथा तत्सम्बन्धी अन्य व्यवस्था समितिले आफैंले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) यस कार्यविधि वमोजिम समितिले गर्नुपर्ने कार्यहरु समितिको निर्णय अनुसार गुलरीया नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन गर्नुपर्नेछ ।

९. प्रयोगशाला संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन् ।

क) आवश्यक वजेट र योजना तयार गर्ने ।

ख) साप्ताहिक रुपमा व्यवस्थापन समितिको वैठक आयोजना गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने ।

ग) आवश्यक पर्ने स्वास्थ्य सामाग्री, उपकरण तथा उपचारको उचित प्रबन्ध मिलाउने ।

घ) प्रयोगशाला संचालन तथा व्यवस्थापन र अन्य सो सम्बन्धी कार्यको अधिकार यसै समितिमा निहित हुनेछ ।

ङ) बजेट अपुग हुने देखिएमा व्यक्ति, फर्म, संघ, संस्था लगायत अन्य सहयोगी दाताहरुसँग पनि आह्वान गर्न सक्ने ।

च) संघ, प्रदेश, स्थानीय तह लगायत अन्य संघ संस्थाहरुसँग आर्थिक, मानवीय एवं भौतिक सहयोगको माग गर्न सक्ने ।

छ) सूचना प्रवाहको लागि संचार संयन्त्रको व्यवस्थापन तथा परिचालन गर्ने ।

ज) संघ तथा प्रदेश सरकारले संचालनमा ल्याएको प्रयोगशालाका मापदण्ड पूर्ण रुपमा पालना गर्ने र गराउने ।

झ) प्रयोगशाला संचालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने ।

ञ) पि.सि.आर. परीक्षणको रिपोर्ट/विवरण र अवस्थाको जानकारी संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तहलाई दैनिक उपलब्ध गराउने ।

ट) कार्यविधि संशोधन गर्नुपर्ने भएमा वहुमतले निर्णय गरी गुलरीया नगरपालिकालाई अनुरोध गर्ने ।

ठ) समितिले यस कार्यविधि वमोजिम कार्य गर्न आवश्यकता अनुसार दफा १० मा गठित समूहसँग परामर्श गर्न सक्नेछ ।

ड) समितिले प्रयोगशालामा कार्यरत कर्मचारीलाई निशुल्क खाना र आवासको समेत प्रवन्ध गर्नुपर्नेछ ।

**१०.सल्लाहकार समूहः** दफा ८ (२) वमोजिम गठित समितिलाई आवश्यक निर्देशन, सल्लाह, सुझाव र सहयोग गर्न यस जिल्लाको प्रतिनिधित्व गर्ने  तपशिल वमोजिमको सल्लाहकार समूह हुनेछ ।

क) संघीय सांसद

ख) प्रदेश सांसद

ग) नागरिक समाजको अध्यक्ष

**११. कार्यक्रम कार्यान्वय समितिः** (१) यस कार्यविधि वमोजिम संचालन हुने कार्यक्रमको शिघ्र कार्यान्वयन र प्रभावकारी व्यवस्थापन गर्न दफा ८ (२) मा गठित समितिको प्रत्यक्ष रेखदेख र निर्देशनमा रही प्रयोगशालाको प्रभावकारी संचालनार्थ तपसील वमोजिमको ३ (तीन) सदस्यीय एक समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत (गुलरीया नगरपालिका) | संयोजक |
| ख) पि.सि.आर. ल्याब इनचार्ज | सदस्य |
| ग) स्वास्थ्य शाखा संयोजक (गुलरीया नगरपालिका) | सदस्य-सचिव |

(२) कार्यक्रम कार्यान्वयन समितिका काम, कर्तव्य र अधिकार तपसील वमोजिम रहनेछन् ।

क) दफा ८ (२) मा गठित समितिले गरेका नीतिगत निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने ।

ख) दफा ८ (२) मा गठित समितिले अधिकार प्रत्यायोजन गरेका कार्य गर्ने ।

ग) दफा ८ (२) वमोजिम गठित समितिलाई कार्यक्रमको प्रगति प्रतिवेदन दैनिक पेश गर्ने ।

घ) प्रयोगशालाको आय व्ययको विवरण तयार गर्ने ।

ङ) दफा ८ (२)) को समितिले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद-४

१२.**आर.टि- पि.सि.आर.प्रयोगशालाः** Covid 19 को परीक्षण गर्न तोकिएको मापदण्ड अनुसार Polymerase Chain Reaction परीक्षण गर्न स्थापित प्रयोगशाला नै आर.टि- पि.सि.आर. प्रयोगशाला हो । र कोरोना महामारीको अन्त्य पश्चात विविध रोगहरुको Reagent प्राप्त गरी अन्य रोगको समेत परीक्षण गर्न सकिनेछ ।

१३. **प्रयोगशालाको मापदण्डः** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाद्धारा जारी निर्देशिका अनुसारको मापदण्ड वमोजिमको प्रयोगशाला रहनेछ ।

## परिच्छेद-५

**१४. जनशक्ति व्यवस्थापनः**(१) यस कार्यविधी वमोजिम प्रयोगशालाका सम्पूर्ण काम कारवाही प्रयोगशाला संचालन तथा व्यवस्थापन समितिबाट सम्पादन हुनेछ । र सोको लागि आवश्यक जनशक्तिको व्यवस्थापन पनि यसै समितिले गनुपर्नेछ ।

(२) दफा १२ को प्रयोगशाला संचालनमा अनुसूचि-१ वमोजिमको दरवन्दी संरचनाका कर्मचारीको व्यवस्था गरिनेछ ।

(३) अनुसूचि-१ वमोजिमको उपलब्ध हुन सक्ने जनशक्ति प्रत्येक पालिकाबाट समान प्रतिनिधित्व हुने गरी व्यवस्था गरिनेछ ।

(३) नेपाल सरकारका कार्यरत स्थायी कर्मचारी बाहेक अन्य जनशक्ति आपूर्ति गर्नुपर्ने भएमा सोको आर्थिक व्ययभार प्रचलित कानून अनुसार दफा ८ (२) को समितिको सिफारिस पश्चात दफा ४ वमोजिमको कोषबाट हुनेछ ।

(४) स्थानीय तहले सिफारीस गरी काजमा खटाइएका कर्मचारीको पारिश्रमिक, तलब सम्बन्धित पालिकाबाट उपलब्ध गराइनेछ ।

## परिच्छेद- ६

**१५.अभिलेख र प्रतिवेदनः (१)** व्यक्तिको उपचार सम्बन्धी विवरण/रिपोर्ट र अभिलेख विधुतीय रुपमा अनिवार्य प्रविष्ट गरिनेछ ।

(२) पि.सि.आर. परीक्षणको रिपोर्ट/विवरण र अवस्थाको जानकारी दफा ८ (२) वमोजिम गठित समितिले संघ र प्रदेश मन्त्रालय तथा स्थानीय तहलाई दैनिक पठाउनु पर्नेछ ।

## परिच्छेद-७

**१६. निरीक्षण तथा अनुगमनः** दफा १० मा गठित सल्लाहकार समूह र जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द (वर्दिया) ले प्रयोगशालाको नियमित अनुगमन गर्नेछ ।

## परिच्छेद-८

**१७. सुरक्षा सम्बन्धी व्यवस्थाः (१)** प्रयोगशालामा कार्यरत स्वास्थ्यकर्मी , सुरक्षाकर्मी तथा अग्रपक्तिंमा काम गर्ने अन्य कर्मचारीहरुको सुरक्षाको लागी सुरक्षा उपकरण र अन्य व्यवस्थापकीय कार्य दफा ८( २) वमोजिमको समितिले गर्नेछ ।

(२) प्रयोगशालामा कार्यरत सबै कर्मचारी र सुरक्षाकर्मीहरुको विमा नेपाल सरकारको नियम अनुसार हुनेछ ।

(३) स्थानीय तहबाट प्रयोगशालामा काजमा खटाइएका कर्मचारी COVID 19 को महामारी नियन्त्रण पश्चात दफा ८ (२) वमोजिमको समितिको सिफारिसमा सम्बन्धित पालिकामा फिर्ता हुनेछ ।

## परिच्छेद-९

**१८. अन्य व्यवस्थाः (१)** प्रयोगशालाका लागि आवश्यक सामग्री खरीद प्रचलित ऐन, कानुन वमोजिम हुनेछ ।

(२) प्रयोगशालामा कार्यरत कर्मचारीको खाना र आवासको व्यवस्था दफा ८ (२) मा गठित समितिको निर्णयानुसार हुनेछ ।

(३) नेपाल सरकारको निर्देशन वमोजिम तोकिएको क्षेत्र र सीमाभित्रका व्यक्तिहरुको परीक्षण नियमानुसार गरिनेछ ।

(४) कुनै व्यक्ति वा संस्थाले सशुल्क परीक्षण गर्न चाहेमा दफा ११ (१) को समितिको सिफारिसमा नेपाल सरकारले निर्धारण गरे वमोजिमको शुल्क लिई सेवा दिन सकिनेछ ।

## परिच्छेद-१०

१९. **लेखा तथा लेखापरीक्षण:** (१)प्रयोगशाला सञ्चालन तथा व्यवस्थापनमा भएको सम्पूर्ण खर्चको लेखा प्रचलित कानून वमोजिम राखिनेछ ।

२. कोषको लेखापरीक्षण गराउनु गुलरीया नगरपालिकाको कर्तव्य हुनेछ ।

२०. **कोषको खारेजी:** (१) यस कार्यविधिको उदेश्य वमोजिम कार्य समाप्त भएमा वा छुट्टै कोष राख्नुपर्ने औचित्य नभएमा समितिले कोषमा बाँकी मौज्दात रकम, स्वास्थ्य सामग्री, औजार, उपकरण लगायत अन्य भौतिक स्रोत साधन वर्दिया अस्पताललाई दफा ८(२) वमोजिमको समितिले हस्तान्तरण गर्नेछ ।

## परिच्छेद-११

२१.**कारवाही हुने:** यस कार्यविधि विपरित कार्य गर्ने कर्मचारी तथा पदाधिकारीलाई प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।

## परिच्छेद १२

२२. **कार्यविधि संसोधन:** यस कार्यविधिमा उल्लेखित कुनै दफा ,उपदफा थप घट गर्न आवश्यक भएमा गुलरीया नगरपालिका नगर कार्यपालिकाको वैठकको निर्णयबाट हुनेछ । उक्त संसोधित दफा उपदफाहरु सो संसोधन भएको मिति देखि लागू हुनेछ ।

## परिच्छेद १३

**२३. बचाउ तथा खारेजी:** यस कार्यविधिमा उल्लेखित दफाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गुलरीया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७छ... सँग बाझिएको खण्डमा स्वतः अमान्य हुनेछ ।

अनुसूची-१

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

पि.सि.आर. ल्याब संचालनका लागि आवश्यक दरबन्दी संरचनाको विवरण

| क.स. | पद | तह | संख्या |
|---|---|---|---|
| १ | कन्सल्टेन्ट भाइरोलजिस्ट | आठौंनवौं | १ |
| २ | मेडिकल माइक्रोवायोलजिस्ट | सातौं/आठौं | १ |
| ३ | मेडिकल ल्याब टेक्नोलोजिस्ट | सातौं/आठौं | १ |
| ४ | ल्याब टेक्निसियन | पाँचौ/छैटौं | ३ |
| ५ | ल्याब असिष्टेन्ट | चौथो/पाँचौ | २ |
| ६ | कम्प्युटर अपरेटर | चौथो | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ |

**प्रमाणीकरण मिती:२०७७/०३/२३**

आज्ञाले

कृष्ण प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत